# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७

पुथा उत्तरगंगा गाउँपालिका

गाउँपालिकाको कार्यालय

तकसेरा, रुकुम पूर्व

लुम्बिनी प्रदेश

पुथा उत्तरगंगा गाउँपालिका

# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७

कार्यपालिकाद्वारा स्वीकृत मितिः २०७७/१२/२५ गते

**प्रस्तावना :**

बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, सम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरूलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले। नेपालको संविधान को भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पुथा उत्तरगंगागाउँपालिकाको २०७७ को सभाले बालबालिकाको बालसंरक्षण नीति तथा आचारसंहिता निर्माण गरी यस कार्यविधि लागू गरेको छ।

**परिच्छेद- १**

**प्रारम्भिक**

**१. सक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७ रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा : बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) **"संविधान"** भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ।

ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

ग) **"कार्यविधि"** भन्नाले **पुथा उत्तरगंगा गाउँपालिका**द्वारा जारी गरिएको बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७ सम्झनु पर्छ।

घ) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिहरूलाई सम्झनु पर्छ।

ङ) **"बालबालिका डेक्स"** भन्नाले **पुथा उत्तरगंगा गाउँपालिका**ले **पुथा उत्तरगंगा गाउँपालिका** कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिकासम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ।

पुथा उत्तरगंगा गाउँपालिका

च) **“सर्म्पक व्यक्ति** (Focal Person)**”** भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाले पुथा उत्तरगंगा गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्भनु पर्छ।

छ) **“बाल अधिकार समिति”** भन्नाले बालबालिकाका सुरक्षा तथा संरक्षणार्थ बालबालिका सम्बन्धि ऐन २०७५, दफा ६० (२) बमोजिम गठन भएका समितिलाई सम्भनु पर्छ।

ज) **“बाल क्लव वा किशोरी समूह”** भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरूको सहभागितामा गठन भएका पुथा उत्तरगंगा गाउँपालिकामा सूचीकृत भई सञ्चालनमा रहेका बाल वा किशोरी समूहहरूलाई सम्भनु पर्दछ।

झ) **“संरक्षक तथा संरक्षक शिक्षक”** भन्नाले बालक्लवलाई नियमितरुपमा सञ्चालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ।

ञ) **“प्रधान संरक्षक”** भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा संरक्षक शिक्षकलाई नियमितरुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्भनु पर्दछ।

ट) **“बालक्लव वा किशोरी सञ्जाल”** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका तथा वडास्तरमा गठन भएका बालक्लव वा किशोरी समूहहरुको सञ्जाललाई सम्भनु पर्दछ।

ठ) **“गैरसरकारी संस्था”** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्भनुपर्छ।

ड) **“बालविकास केन्द्र”** भन्नाले गाउँपालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका प्राथमिक बाल शिक्षा केन्द्रलाई सम्भनु पर्दछ।

ढ) **“स्थानीय तह”** भन्नाले गाउँपालिकालाई सम्भनु पर्दछ।

ण) **“बाल कल्याण कोष”** भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि पुथा उत्तरगंगा गाउँपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्भनु पर्दछ।

त) **“प्रमाणपत्र”** भन्नाले गाउँपालिका कार्यालयमा सूचिकृत भएका बालक्लवहरूलाई दिइने सूचिकृत प्रमाणपत्र सम्भनु पर्छ।

थ) **“गाउँपालिका”** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका सम्भनुपर्ने छ।

पुथा उत्तरगंगा गाउँपालिका

द) **"अध्यक्ष"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ध) **"उपाध्यक्ष"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

न) **"वडा"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको वडा सम्झनु पर्छ ।

प) **"वडाध्यक्ष"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको वडाध्यक्षलाई सम्झनु पर्छ ।

फ) **"सभा"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

ब) **"कार्यपालिका"** भन्नाले पुथा उत्तरगंगा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

**३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न ।

ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

घ) बालबालिकामाथि हुने परम्परागत हानिकारक अभ्यासहरु जस्तैः बालबिबाह, मद्यपान जस्ता अन्य जोखिमहरु न्यूनिकरण गर्न ।

ङ) बालबालिकामाथि हुने विभिन्न प्रकारका हिंसा, दुर्व्यवहार, बेचबिखन, हानी जस्ता अन्य जोखिमहरु न्यूनिकरण गर्न ।

च) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्न ।

छ) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

पुथा उत्तरगंगा गाउँपालिका

## परिच्छेद- २

## बाल अधिकार समिति, बालबालिका डेक्सको स्थापना र सञ्चालन

### ४. गाउँपलिका स्तरीय बाल अधिकार समिति गठन, काम, कर्तव्य र अधिकार :

*(क) पुथा उत्तरगंगा गाउँपालिकामा देहाय वमोजिमको बालअधिकार समिति गठन गरिनेछ ।*

१) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

२) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

३) सामाजिक बिकास शाखा प्रमुख - सदस्य

४) स्वास्थ्य शाखा प्रमुख - सदस्य

५) प्रहरी कार्यालयको प्रमुख - सदस्य

६) बाल क्लब/सञ्जाल प्रतिनिधि २ जना (१ बालक, १ बालिका) - सदस्य

७) वडा बाल अधिकार समिति अध्यक्ष - पदेन सदस्य

८) पुथा उत्तरगंगा गाउँपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरूमध्यबाट १ जना : सदस्य

९) गाउँ शिक्षा समितिबाट १ जना : सदस्य ।

१०) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

***ख) बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ,***

१) पुथा उत्तरगंगा गाउँपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

"स्पष्टीकरण" विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले आमाबाबु, अभिभावकविहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,



पुथा उत्तरगंगा गाउँपालिका

कानूनी विवादमा परेका बालबालिकामध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिक, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,बालबालिकाविरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका ,परित्यक्त तथा सडकमा आश्रित बालबालिका, कानुन बमोजिम तोकिएका अन्य बालबालिकालाई बुझाउनेछ ।

२) पुथा उत्तरगंगा गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, किशोरी समूह, मञ्च, बाल अधिकार समिति, समुह, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

३) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

४) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने ।

५)	स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

६)	बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

७)	बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

८)	बाल संरक्षणका विषयमा वकालत गर्ने र स्थानीय तहका बाल अधिकार समितिहरूलाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

९)	शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी बालबिबाह, हिंसा, दुर्व्यवहार तथा बालबालिकाहरुमाथी हुने अन्य परम्परागत हानिकारक अभ्यास आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

१०)	बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै : तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्दार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि पुथा उत्तरगंगा गाउँपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

११)	अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

१२)	बालबालिकासँग सम्बन्धित दिवसहरू गाउँपालिका स्तरीय निकायहरूसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

पुथा उत्तरगंगा गाउँपालिका

१३) वडा बाल अधिकार समितिहरू, बालक्लव सञ्जालहरू, किशोरी सञ्जालहरु, सरोकारवालाहरू र पुथा उत्तरगंगा गाउँपालिका विच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

१४) पुथा उत्तरगंगा गाउँपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

***ग) समितिको वैठक सम्बन्धी कार्यविधि :***

१) समितिको वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।

२) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

३) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

४) गाउँपालिका स्तरीय बाल अधिकार समितिको पदावधि पाँच वर्षको रहने छ ।

**५. वडा बाल अधिकार समितिको गठन, काम, कर्तव्य र अधिकार :**

***क) पुथा उत्तरगंगा गाउँपालिका अन्तर्गतका वडाहरूमा देहायवमोजिमको बालअधिकार समिति गठन गरिनेछ ।***

१) वडा अध्यक्ष : संयोजक ।

२) संरक्षक शिक्षकहरूमध्येबाट १ जना : सदस्य ।

३) महिला स्वास्थ्य कार्यकर्ताहरूमध्येबाट १ जना : सदस्य ।

४) सम्बन्धित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाहरूमध्येबाट १ जना : सदस्य

५) विद्यालय व्यवस्थापन समितिबाट १ जना : सदस्य ।

६) वडा बालक्लब तथा किशोरी सञ्जालबाट २ जना (१ बालिका, १ बालक) : सदस्य ।

७) आदिबासी, जनजाती, अल्पसङ्ख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिला सहित ३ जना : सदस्य

८) वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति : सदस्य सचिव ।

***ख) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुनेछ,***

१) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र पुथा उत्तरगंगा गाउँपालिकामा पेश गर्ने ।

पुथा उत्तरगंगा गाउँपालिका

२) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल अधिकार समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

३) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

४) बालअधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने ।

५) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

६) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

७) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि स्रोत ( आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

८) बाल संरक्षणका विषयमा वकालत गर्ने र पुथा उत्तरगंगा गाउँपालिकालाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

९) बालक्लव, किशोरी समूह, बालक्लव सञ्जाल, किशोरी समूह सञ्जाल, सरोकारवालाहरू र पुथा उत्तरगंगा गाउँपालिकाविच समन्वय र सम्पर्क गर्ने ।

१०) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पुथा उत्तरगंगागाउँपालिकामा पेश गर्ने ।

११) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी बालबिबाह, हिंसा, दुर्व्यवहार तथा बालबालिकाहरुमाथी हुने अन्य परम्परागत हानिकारक अभ्यास आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

१२) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्दार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि सम्बन्धित पुथा उत्तरगंगा गाउँपालिकाबाटै वा अन्य स्थानीय तह, गैह्र सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

१३) अनाधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

१४) बालबालिकासँग सम्बन्धित दिवसहरू गाउँपालिका स्तरीय निकायहरूसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

पुथा उत्तरगंगा गाउँपालिका

**ग) समितिको वैठक सम्बन्धी कार्यविधि :**

१) समितिको वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।

२) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

३) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

४) वडाभित्र आवश्यकताका आधारमा वडा बाल अधिकार समितिलाई सहयोग गर्न समुदाय स्तरमा बढीमा १५ सदस्यीय बाल अधिकार समितिहरू गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लव, प्रधान संरक्षक, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम्सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् ।

५) यो समितिको पदावधि २ वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

**६. बालक्लव, किशोरी समूह, किशोरी समूह सञ्जाल र बालक्लव सञ्जालको गठन, काम, कर्तव्य र अधिकार :**

(क) प्रत्येक विद्यालयमा एक स्थायी बालक्लव रहने छ । विद्यालयका सबै विद्यार्थीहरू यसका सदस्य रहने छन् । बालबालिकाको भेलाबाट बालक्लवको बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जसमा कम्तिमा ५० प्रतिशत बालिका सहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ । बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा पालिकामा सुचीकृत गरिने छ । पालिकाले रितपूर्वक आएका बालक्लवहरूलाई आवद्धता/सुचिकृतको अनुसुची १ अनुसारको प्रमाणपत्र र बालक्लवको विधान पालिका प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित गरी बालक्लवहरूलाई उपलब्ध गराउनुपर्नेछ । विद्यालयको हकमा बालक्लवमा सदस्य हुनका लागि ८ वर्ष उमेर पुरा भई १८ वर्ष सम्मको हुनुपर्नेछ । कक्षा को हकमा कक्षा ५ वाट सुरु भएको हुनेछ ।

(ख) समुदायको हकमा बालबालिकाको भेलाले बढीमा २१ सदस्यीय बालक्लव गठन गरी, संरक्षक तोकि एक महिना भित्र सम्वन्धित वडा तथा पुथा उत्तरगंगा गाउँपालिकामा सुचीकृत हुनु पर्ने छ ।

(ग) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन् ।

(घ) बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न उप-समितिहरू निर्माण गर्न सक्ने छ ।

(ङ) किशोरी समूह तथा किशोरी सञ्जालहरु स्थान परिवेश अनुसारले गठन तथा सञ्चालन गर्न सकिनेछ ।

(च) बालक्लब वा किशोरी समूहको बैठकको आयोजना निम्नानुसार हुनेछ ।

पुथा उत्तरगंगा गाउँपालिका

१) सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) नियमित बैठक तथा छलफलका विषयहरू :

(अ) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(आ) बैठक सामान्यतया अधिकतम २ (दुई) घण्टाभन्दा बढी समय बस्ने छैन ।

(इ) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

(ई) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछ :

(१) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा ।

(२) बाल क्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा ।

(३) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि ।

(४) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र स्रोत सङ्कलन तथा आवश्यकता अनुसार अन्य विषयहरू ।

(च) बालक्लव तथा किशोरी सञ्जालहरूको गठन :

(१) बाल क्लब तथा किशोरी समूहहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ ।

(२) बालक्लब तथा किशोरी समूह सञ्जाल वडा स्तर, पुथा उत्तरगंगा गाउँपालिका स्तरका हुन सक्नेछन् ।

(३) बाल क्लब तथा किशोरी समूह सञ्जाल गठन गर्नका लागि (पुथा उत्तरगंगा गाउँपालिका र वडा) तहमा बाल क्लव तथा किशोरी समूहहरूका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लब तथा किशोरी समूहहरूलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(अ) भेलाको मिति, समय र स्थान,

(आ) भेलामा छलफल हुने विषयहरू,

(इ) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लब तथा किशोरी समूहहरूको प्रतिनिधि संख्या (जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेत)

(ई) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(उ) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिने, नहुने सेवा र सुविधा, र अन्य आवश्यक विषयवस्तुको बारेमा पूर्व जानकारी दिनु पर्नेछ ।

पुथा उत्तरगंगा गाउँपालिका

(५) बाल क्लब तथा किशोरी समूहका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्नेछ ।

(अ) आफ्नो बाल क्लब तथा किशोरी समूहमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ ।

(आ) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ ।

(इ) समुदायमा आधारित बाल क्लब तथा किशोरी समूहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(६) बाल क्लब तथा किशोरी समूहले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

(७) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब तथा किशोरी समूह प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लव तथा किशोरी समूहमा आवद्ध भएको हुनु पर्नेछ ।

(८) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नेतृत्वको पुनःगठन प्रत्येक २ वर्षमा गर्नुपर्नेछ ।

(९) नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

क) बाल क्लब तथा किशोरी समूह सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

ख) सम-क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

ग) प्रतिस्पर्धी बालबालिका तथा किशोरीलाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

घ) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

ङ) वडा तथा गाउँपालिकामा गठन भएका बालक्लव तथा किशोरी समूह सञ्जालहरू गठन भएको एक महिनाभित्र पुथा उत्तरगंगा गाउँपालिका कार्यालयमा सूचीकृत गर्नु पर्नेछ ।

च) सूचीकृत भएका बालक्लव तथा किशोरी समूह सञ्जालहरूले हरेक वर्ष अद्यावधिक गरी पुथा उत्तरगंगा गाउँपालिका कार्यालयमा नविकरण गर्नुपर्ने छ । यसरी अद्यावधिक हुँदा सम्बन्धित सञ्जालले अद्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरूको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ ।

पुथा उत्तरगंगा गाउँपालिका

छ) बालक्लव, किशोरी समूह, किशोरी समूह सञ्जाल तथा बालक्लव सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार पदाधिकारीहरूको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

**अ) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. क्लव/समूहको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. समूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने ।

३. समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।

४. समूहको निर्णय र बाल अधिकार समितिका निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५. समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने ।

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८. बाल तथा किशोरी समूहसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरूसँग कार्यक्रमको माग गर्ने र कार्यान्वियन गर्ने गराउने ।

९. तोकिएको अन्य कार्य गर्ने ।

**आ) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

**इ) सचिवको काम, कर्तव्य र अधिकारः**

सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ :

१. समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२. बाल वा किशोरी समूहसँग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने ।

३. समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४. समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

५. समूहको प्रशासकीय कार्य गर्ने ।

६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।

पृथ्वी उत्तरगंगा गाउँपालिका

७. तोकिएको अन्य कार्य गर्ने ।

**ई) सहसचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।

२. तोकिएको अन्य कार्य गर्ने ।

**उ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. क्लव/समूहको आय व्यय दुरुस्त राख्ने ।

२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**ए) सदस्यको काम कर्तव्य र अधिकार :**

१. वैठकमा सहभागी हुने ।

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।

३. तोकिएको कार्य गर्ने ।

४.समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

**७) बालबालिका डेक्सको स्थापना :**

क) प्रत्येक वडा कार्यालयमा र गाउँपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स सञ्चालन गर्नकोलागि कम्तिमा एकजना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

ख) बालबालिका डेक्सको काम, कर्तव्य र सञ्चालन देहाय बमोजिम हुने छ :

१) सबै प्रकारका बालबालिकाको तथ्याङ्क र सूचनाको अद्यावधिक गर्ने ।

"स्पष्टीकरण" सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

२) बालक्लव तथा बालक्लव सञ्जालहरूको सूचीकृत गर्ने ।

३) बालबालिका, पुथा उत्तरगंगा गाउँपालिका र सरोकारवालाहरूबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

४) बाल अधिकार समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव, बालक्लव सञ्जालहरूबीच समन्वय सहकार्य गर्ने ।

पुथा उत्तरगंगा गाउँपालिका

५) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरूमा सहजीकरण गर्ने ।

६) बालक्लव, बालक्लव सञ्जाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

७) गाउँपालिकाले तोकेको बालबालिकासम्बन्धी अन्य कार्य गर्ने ।

## परिच्छेद- ३

**७. बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल कल्याण कोषको व्यवस्था :**

क) पुथा उत्तरगंगा गाउँपालिकामा एक बालकल्याण कोषको स्थापना गरिने छ । जसमा प्रत्येक वर्ष हुने बजेट विनियोजनमा रु. ५००,००० (अक्षरुपी: पाँच लाख रुपैयाँ) बराबरको रकमको सुनिश्चितता गरिनेछ ।

ख) कोषमा देहाय बमोजिमको रकमहरू रहने छ,

१) स्थानीय तहबाट विनियोजन गरिएको रकम ।

२) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम ।

४) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम ।

५) अन्य विविध स्रोत बाट प्राप्त हुन आएको रकम ।

ग) बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्बर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,

(५) दुर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिस भएको,

(७) बालबिबाह, यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(८) हिंसा तथा अन्य परम्परागत हानिकारक अभ्यासहरुबाट प्रभावित भएको,

(९) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

पुथा उत्तरगंगा गाउँपालिका

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धकमा परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी., एड्स संक्रमित भएको,

(१५) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण विहीन अवस्थामा फेला परेको शिशु,

(१६) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

(१७) समितिले तोकेका अन्य बालबालिका ।

घ) दफा ३ मा उल्लेख भए बाहेकको अन्य शिर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

ङ) दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

**८. कोष सञ्चालन गाउँपालिका बाल अधिकार समितिद्वारा हुनेछ ।**

**९. समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ञ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**१०. समितिको बैठक र निर्णय**

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस (२४) घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(घ) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगे को मानिनेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(ज) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(झ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्दार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य-सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् । तर, सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**११. कोषको खाता सञ्चालन**

(क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त पायक पर्ने “क” वर्गको बङ्ैकमा खाता खोली सञ्चालन गरिनेछ ।

(ख) उपदफा ‘क’ बमोजिमको खाता सञ्चालनका लागि पुथा उत्तरगंगागाउँपालिकाको हकमा प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

**१२. रकम फ्रिज नहुने :**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१३. कोषको लेखा र लेखा परीक्षण :**

(क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१४. प्रतिवेदन पेश गर्ने :**

समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ (तीन) महिनाभित्र पुथा उत्तरगंगा गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

## विविध

**१५. स्रोतको व्यवस्थापन :**

पुथा उत्तरगंगा गाउँपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**१६. प्रोत्साहन पुरस्कारको व्यवस्था :**

बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्लव, समूह, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१७. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :**

कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार पुथा उत्तरगंगा गाउँ कार्यपालिकालाई हुनेछ ।

**१८. खारेजी र बचाउ :**

यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसँग बाँझिन गएमा बाँझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरू अमान्य हुनेछन् र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ ।

१९. बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार सरक्षण र सम्वर्द्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

पुथा उत्तरगंगा गाउँपालिका

**अनुसूची-१**

**(दफा ६ (क) सँग सम्बन्धित)**

**<u>बालक्लव तथा किशोरी समूह सूचिकृत</u>**

**<u>प्रमाणपत्रको नमुना</u>**

पुथा उत्तरगंगा गाउँपालिका

रुकुम पूर्व जिल्ला
लुम्बिनी प्रदेश नेपाल

आवद्धता नं.                                                    मिति :    /    /

श्री.......................................बालक्लव / किशोरी समूह

...................................................

रुकुम पूर्व जिल्ला पुथा उत्तरगंगा गाउँपालिका वडा नं............को .....................................विद्यालय/समुदायमा गठन भएको ................................ बालक्लव / किशोरी समूहलाई यस पुथा उत्तरगंगा गाउँपालिकामा आवद्धता गरी बालमैत्री, बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन  कार्यविधि, २०७४ को परिच्छेद २ (९ क) ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्वन्धी कानुनहरूको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरूको सकृय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
नाम :
पद :
दस्तखत

पुथा उत्तरगंगा गाउँपालिका

## अनुसुची २

## बालक्लव वा किशोरी समूह / सञ्जाल आवद्धताको लागि

## निवेदनको ढाँचा निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुख ज्यू,

पुथा उत्तरगंगा गाउँपालिका

.......................................................

विषय : क्लब/समूह/**सञ्जाल** सूचिकृत/आबद्धता गरी पाऊँ

महोदय,

हामीले ........................ नामको बालक्लव/ किशोरी समूह गठन गर्नचाहेकोले .............................स्थानीय तहवाट स्विकृत “बालमैत्री, बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७४ को परिच्छेद २ (९) ले गरेको व्यवस्था” बमोजिम समूह सुचिकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित समूहको निर्देशिकाको एक प्रति, सिफारिश, बालक्लव आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरूको जन्म दर्ता तथा नागरिकताको प्रमाण पत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

**भवदीय**

अध्यक्ष

पुथा उत्तरगंगा गाउँपालिका

बालक्लव वा किशोरी समूह आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरू

१) अनुसुची २ अनुसारको निवेदन

२) अनुसुची ५ अनुसारको विधान २ प्रति

३) बालक्लव वा किशोरी समूह को निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लव वा किशोरी समूहको कार्यसमितिको बालबालिकाहरूको जन्मदर्ताको प्रतिलिपी

पृथ्वी उत्तरगंगा गाउँपालिका

# अनुसूची ३

## बालअधिकारको संरक्षण तथा सम्वर्द्धनमा पुथा उत्तरगंगा गाउँपालिका वा वडाले सम्बोधन गर्नसक्ने क्रियाकलापहरू

### १. बाल बचाऊ सम्बन्धी प्रमुख विषय तथा कार्यहरू

| **विषयहरू** | **सम्बोधन कार्यहरू** |
| --- | --- |
| स्थानीय स्वास्थ्य संस्थामा खोप/औषधीको पर्याप्तता | ▪ स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधी तथा खोपको सुनिश्चितता गर्ने ।<br>▪ स्वास्थ्य विमा लागू भएका क्षेत्रहरूमा सबै बालबालिकाको स्वास्थ्य विमा प्रवर्द्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य विमा गराउने प्रबन्ध गर्ने । |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरूको प्रभावकारी सम्बोधन | ▪ किशोरकिशोरीलाई मुलतः यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्ने तथा गोपनियता कायम गर्न स्वास्थ्यकर्मीहरूलाई संवेदनशील बनाउने । |
| गर्भावस्था वा प्रसुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण | ▪ जनचेतना अभिवृद्धिकालागि स्वास्थ्य केन्द्रहरूको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्ने ।<br>▪ विभिन्न स्थानहरूमा सिविरहरू सञ्चालन गर्न लगाउने ।<br>▪ गर्भावस्था परीक्षणको लागि निश्चित दिन तोकी गर्भवती महिलालाई पोषणयुक्त खानाको व्यवस्था गर्दै तालिमको व्यवस्था गर्ने । |
| स्वास्थोपचारको क्रममा हिंसाजन्य कारणको आभास हुनु | ▪ कुनै पनि बालबालिकालाई स्वास्थोपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापरवाही/दुर्व्यवहार, हिंसा वा जोखिममा पर्न गएको आभास भएमा स्वास्थ्यकर्मीले सोबारे नजिकको प्रहरी/बाल अधिकार समिति/सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने । |

## २. बालसंरक्षणसम्बन्धी प्रमुख विषय तथा कार्यहरू

| विषयहरू | सम्बोधन कार्यहरू |
| --- | --- |
| विविध कारणहरूले सडक लगायतका सार्वजनिक स्थानमा आश्रित बालबालिका | ▪ बालबालिका सडकमा आउने कारकतत्वहरूबारे अभिभावक तथा समुदायलाई सचेतना गर्ने ।<br>▪ परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्ने ।<br>▪ सडकमा जीवनयापन गरिरहेका बालबालिकालाई सेवा प्रदायक संस्थासँग समन्वय गरी तत्काल उद्दार तथा व्यवस्थापन गर्ने - पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना, पुनर्एकीकरण गर्ने ।<br>▪ सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र सञ्चालनमा सहयोग गर्ने । |
| अनाथ, असहाय वा बेवारिस अवस्थाका बालबालिका | ▪ कुनै पनि कारणबाट अनाथ, असहाय वा बेवारीस भएका बालबालिकाको पहिचान गरी सुचना अद्यावधिक गर्ने ।<br>▪ यस्ता बालबालिकाकालागि अस्थाई आवास तथा पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br>▪ यस्ता बालबालिकाको परिवार वा आफन्तको खोजी गरी परिवारमा पठाउने ।<br>▪ परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्ने ।<br>▪ वैकल्पिक स्याहार प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरूको पहिचान तथा सूचीकरण गर्ने । |
| अपाङ्गता भएका बालबालिका | ▪ अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने गराउने ।<br>▪ अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रवृत्ति जस्ता सेवाहरूको नक्साङ्कन तथा सूचीकरण गर्ने ।<br>सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, सञ्चालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैर सरकारी तथा निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।<br>▪ अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ बमोजिमका अन्य कार्यहरू गर्ने । |
| बालविवाह | ▪ बाल विवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवं व्यक्तित्व विकाससम्बन्धी असर र कानुनी प्रावधानआदिबारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने।<br>▪ बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई-बुझाई तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने । |

| | |
|---|---|
| | ▪ बालविवाहका घटनाको दर्ता र सोको महत्वबारे समुदायमा सचेतना गर्ने । |
| बालश्रम, हलिया प्रथाको अन्त्य गर्ने गराउने | ▪ बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गर्ने<br>▪ बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने, नगराउने ।<br>▪ निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषणा तथा हरियो झण्डा अभियान वा स्टीकर टाँस (बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, आदि) सञ्चालन गर्ने ।<br>▪ हलिया, घरेलु बालश्रमिक विरुद्ध बालश्रमिक हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरूमा पहुँच स्थापना गर्ने ।<br>▪ गैह्र कानुनी रूपमा श्रममा लगाइएका बालबालिकाको लागि कानुनी उपचार तथा काममा लगाउनेबाट क्षतिपूर्तिको लागि सहजीकरण गर्ने । |
| बालबालिकाको बेचबिखनको अन्त्य | ▪ देश भित्र तथा देश बाहिर हुने बालबालिकाको बेचबिखन विरूद्ध अभिभावक तथा बालबालिकालाई सञ्चार माध्यम, स्थानीय अभिभावक वा अन्य समूह, बालक्लब, विद्यालय लगायत विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>▪ बालबालिकाको बेचबिखन रोक्नका लागि नेपाल प्रहरी तथा संघसंस्थाहरूसँगको समन्वयमा स्थानीय तहका मुख्य नाकाहरूमा निगरानी गर्न चेकपोष्टहरूको व्यवस्था गर्ने ।<br>▪ बेचबिखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपत्कालिन संरक्षण, परामर्श, कानुनी उपचार तथा जीवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । |
| अनुशासनको नाममा दिइने शारीरिक तथा मानसिक दण्डसजाय | ▪ घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा बालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुन सक्ने सजाय तथा कानुनबारे प्रचारप्रसार गर्ने ।<br>▪ विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने । |
| यौन शोषण वा दुर्व्यवहार | ▪ बालबालिकामाथि हुने यौन शोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा समूह, बालबालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूमा प्रशिक्षक आदिलाई सचेतना अभिबृद्धि गर्ने । |

| | |
|---|---|
| | ▪ शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । |
| हेपाई (बुलिङ) | ▪ हेपाईले बालबालिकाको मानसिक तथा वौद्धिक विकासमा नकारात्मक असर पुऱ्याई उनीहरूको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाई हुने सम्भावित स्थलमा (खासगरी विद्यालयमा) विभिन्न कार्यहरू आवश्यक पर्दछ, जस्तै :<br>○ हेपाई नगर्ने र नगराउनेबारे विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>○ हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानुनी कारवाही हुने देखिएमा सम्बन्धित अधिकारीको सहयोग लिने । |
| विपद्मा बालबालिकाको संरक्षण | ▪ सम्भावित बाढी पहिरो आउने स्थानको पहिचान गरी सोको नियन्त्रणका लागि आवश्यक कार्य गर्ने ।<br>▪ विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउने ।<br>▪ विपद्मा परेका बालबालिकाको व्यवस्थापनका लागि आवश्यक अस्थायी सिकाई केन्द्रहरूको व्यवस्थापनका लागि समन्वय गर्ने ।<br>▪ विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने । |
| इन्टरनेट सुविधाको माध्यमबाट बालबालिका माथि हुनसक्ने जोखिम न्युनिकरण | ▪ इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानी बारे शिक्षक, बालबालिका तथा अभिभावकलाई सचेतना गर्ने ।<br>▪ इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानूनी उपचार लगायतका आवश्यक सहयोग गर्ने । |
| लागूपदार्थ सेवन तथा ओसारपसार | ▪ लागूपदार्थ सेवन तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्ने ।<br>▪ दुर्व्यसनमा परेका बालबालिकाको पुनःस्थापनका लागि विभिन्न संघसंस्था तथा निकायहरूको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने ।<br>▪ लागूपदार्थको ओसारपसारमा बालबालिकाको संलग्नतालाई नियन्त्रण गर्न सीमाक्षेत्रका नाकाहरूमा विशेष निगरानीको व्यवस्था गर्ने । |

## ३. बालविकाससम्बन्धी प्रमुख विषय तथा कार्यहरू

| विषयहरू | सम्बोधन कार्यहरू |
|---|---|
| समयमा पाठ्यपुस्तकको उपलब्धता | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यार्थीहरूको संख्या यकीन गरी समयमै पाठ्यपुस्तकको व्यवस्थापनका लागि पालिकाले सम्बन्धित निकायसँग समन्वय गर्ने ।<br>▪ सबै बालबालिकाले समयमै पाठ्पुस्तक पाए नपाएको अनुगमन गर्ने । |
| छात्रवृत्तिको अनुगमन | ▪ विविध समूहका बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिहरूको उचित ढंगले वितरण गरे नगरेको अनुगमन गर्ने । |
| अनुशासनका नाममा दण्ड सजाँय दिइनु | ▪ विद्यालयलाई दण्ड सजाँयमुक्त घोषणा गर्न शिक्षकहरूलाई भयरहित शिक्षण सिकाईसम्बन्धी तालीम दिई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने<br>▪ विद्यालयमा दण्ड सजाँयका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारवाही गर्ने गराउने । |
| विद्यालयमा शौचालय, सरसफाई सामाग्री, खानेपानी लगायतका आधारभूत पुर्वाधार | ▪ छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था, अपाङ्गमैत्री शौचालय भए नभएको अनुगमन गर्ने र नभएमा सोको व्यवस्था गर्ने गराउने ।<br>▪ छात्राहरूका निम्ति स्यानेटरी प्याडको व्यवस्था गर्ने गराउने, सोको उपयोग तथा प्रयोगपश्चात्को व्यवस्थापन गराउने ।<br>▪ खानेपानीको उचित व्यवस्थापन गर्ने गराउने । |
| बालबालिकाको शैक्षिक नियमितता | ▪ निःशुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने ।<br>▪ विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानको लागि अभिप्रेरित गर्ने ।<br>▪ आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्ने गराउने । |
| शिक्षण सिकाई नियमित नहुनु | ▪ शिक्षण नियमित भए नभएको अनुगमन गरी गराई दण्ड तथा पुरस्कारको व्यवस्था गर्ने । |
| भेदभाव तथा हेपाई | ▪ विद्यालयहरूमा कुनै पनि दृष्टिकोणबाट विधार्थी विधार्थी बीच हुने वा विधार्थीमाथि हुनसक्ने कुनै पनि किसिमको भेदभाव, हेपाई, दुर्व्यवहार हुन नदिन विद्यालय बालसंरक्षण नीति/आचारसंहिता बनाई लागू गर्ने ।<br>▪ विद्यालयमा उजुरी पेटिका राख्नुको साथै यससम्बन्धी सम्बोधन गर्ने संयन्त्र<br>▪ निर्माण गर्ने र समयसमयमा अनुगमन गर्ने । |

| | |
|---|---|
| प्रारम्भिक बालविकास केन्द्रको अनुगमन | ▪ आफ्नो कार्यक्षेत्रभित्र बालबालिकाको पहुँच हुनेगरी प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्री सञ्चालनका लागि सहजिकरण गर्ने । |
| विद्यालयमा मनोविमर्श सेवाको व्यवस्था गर्ने | ▪ प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मनोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालयकै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयुक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्ने । |
| विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | ▪ विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था गर्ने ।<br>▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालयहरूमा बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने । |

### ४. बाल सहभागितासम्बन्धी प्रमुख विषय तथा कार्यहरू

| **विषयहरू** | **सम्बोधन कार्यहरू** |
|---|---|
| बालक्लबको सूचीकरण तथा गठन | ▪ आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लबहरूको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने ।<br>▪ बालसंरक्षणका सवालहरू पहिचान तथा सम्बोधनका लागि बालक्लबहरूको आवश्यक परिचालन गर्ने । |
| योजना तर्जुमामा बालसहभागिता | ▪ पालिकास्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि बालबालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने ।<br>▪ पालिका अन्तर्गत गठन हुने विभिन्न समिति, उप समितिहरूमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउने (सदस्य वा आमन्त्रित) |
| बालसहभागिताबारे सचेतना | ▪ परिवार, विद्यालय, समुदाय, वडा तथा पालिकास्तरमा बालसहभागिताको महत्वबारे अवधारणागत स्पष्टताका लागि आवश्यक अन्तरक्रिया तथा अभिमूखीकरण गर्ने । |

## अनुसुची ४

**पुथा उत्तरगंगा गाउँपालिकाको बालसंरक्षण सम्बन्धी आचार संहिता :**

**क. पुथा उत्तरगंगागाउँपालिकाको पदाधिकारीहरू तथा बालबालिकाको सम्पर्कमा रहने कर्मचारी तथा अन्य व्यक्तिहरूले यो आचार संहिताको पालना र निम्नानुसारका कामहरू अनिवार्य गर्नुपर्दछ :**

- बालअधिकार भनेको के हो ?, बालबालिकाहरूको अधिकार र कर्तव्य के के हुन ?, के कस्तो कुरा वा व्यवहार राम्रो, के-कस्तो कुरा वा व्यवहार नराम्रो हुन्छ भन्ने बारेमा जानकारी दिनका लागि बालबालिकाहरूसँग बसेर छलफल गर्ने र उनीहरूलाई महशुस गर्न सहयोग गर्नुपर्दछ ।
- बालबालिकाहरूसँग सम्बन्धित काम गर्दा वा उनीहरूसँग काम गर्दा सम्बन्धित कुराहरू छर्लङ्ग वा प्रष्ट पारिदिनुपर्दछ ।
- बालबालिकाहरूलाई कुनैपनि राजनीतिक गतिविधिमा सङ्लग्न हुनकोलागि दबाब दिनुहुँदैन ।
- कुनैपनि बालबालिकालाई उसको अविभावक वा विद्यालयको अनुमति बिना कार्यक्रमहरूमा जबर्जस्ती वा ढाँटछल गरेर सहभागी गराउनुहुँदैन ।
- बालबालिकालाई घरभन्दा टाढा रात बस्ने गरी कार्यक्रममा सहभागी गराउँदा सकेसम्म समान लैङ्गिक संरक्षकलाई साथमा पठाउनुपर्दछ ।
- सुरक्षित बाटो वा स्थानहरूमा बालबालिका सहभागी हुन गइरहेका छन् भने उक्त जानकारी सहजकर्तालाई दिनुपर्दछ र आवश्यक भएमा संरक्षकको रूपमा सहभागी हुनुपर्दछ ।
- बालबालिकाहरूसँग काम गर्दा कुनैपनि खतरा वा जोखिम कम हुने कार्यस्थलको छनोट गर्ने, कार्ययोजना बनाउने र व्यवस्थापन गर्ने काम गर्नुपर्दछ ।
- यदि कुनै योजना, कार्यक्रम वा क्रियाकलापले बालबालिकाहरूलाई जोखिममा पार्ने प्रबल सम्भावना छ भने उल्लेखित कुराहरू रोक्नुपर्दछ । त्यसका बारेमा बालबालिकाहरू र सम्बन्धित सरोकारवालाहरूलाई पुर्व जानकारी गराउनुपर्दछ ।
- यदि बालबालिका माथि कुनैपनि प्रकारको समस्या आईपरेमा त्यसको समाधानको लागि उनीहरू के चाहन्छन् ? , उनीहरू आफै के गर्न चाहन्छन् ? र अरुबाट के कस्तो सहयोग

पुथा उत्तरगंगा गाउँपालिका

चाहन्छन् भन्ने बारेमा ती बालबालिकाहरूसँगै बसेर छलफल गर्ने र त्यहि अनुसारको सहयोग जुटाउन सहजीकरण गर्नुपर्दछ ।

- यौन दुर्व्यवहारबाट बच्न सकिने उपायहरू बालबालिकाहरूलाई सिकाउनुपर्दछ र यदि त्यस्ता घटनाहरू भईहालेमा रिपोर्टिङ गर्ने प्रक्रियाको बारेमा बालबालिकाहरू र तिनीहरूका अभिभावकलाई जानकारी दिनुपर्दछ ।
- बालबालिकाहरूले बाल दुर्व्यवहारको सम्बन्धि कुनैपनि सवाल उठाई छलफल गर्न सकिने खुल्ला र सहज वातावरण तयार पार्ने ।
- बालबिबाहका साथै यस्ता अन्य परम्परागत हानिकारक अभ्यासहरु हुन नदिन र यसका विरुद्ध सम्बन्धीत उजुरी तथा कारवाही प्रकृयामा निश्पक्ष छानविन गर्ने तथा गर्न सहयोग गर्ने ।
- बालश्रमिक नराख्ने र राख्ने व्यक्तिलाई कानुन बमोजिम सजाय दिने प्रक्रिया शुरुवात गरि सामाजिक वहिष्कार गर्ने ।
- बालबालिकाहरूको पक्षमा निर्णय गर्दा, क्रियाकलाप गर्दा जहिलेपनि बालसंरक्षण र बालबालिकाहरूको सर्वोत्तम हितलाई ख्याल गर्नुपर्दछ ।
- बालबालिकाहरूसँग सम्बन्धित सुचनाहरू गोप्य राख्नुपर्दछ र उनीहरूसँग छलफल गरेर, त्यसको फाइदा र बेफाइदा केलाएर मात्र आवश्यकतानुसार आवश्यक व्यक्ति, निकाय वा संस्थाहरूलाई जानकारी दिनुपर्दछ ।
- बालबालिकाहरूसँग सम्बन्धित काम गर्दा योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, समिक्षा गर्ने र उपलब्धीको मापन गर्ने प्रक्रियामा बालबालिकाहरूलाई सहभागी गराउनुपर्दछ ।
- बालबालिकाहरूलाई सकरात्मक काम गर्नका लागि उत्प्रेरणा मिल्ने, हौसला मिल्ने र खुशी लाग्ने व्यवहार वा क्रियाकलाप गनुपर्दछ ।
- सबै बालबालिकाहरूलाई समान वा बराबर व्यवहार गर्नुपर्दछ ।
- यदि कसैले बालबालिकाहरूको संरक्षणमा बाधा पुऱ्याउने र उनीहरूलाई जोखिममा पार्ने काम गर्दैछ भने त्यस्ता क्रियाकलापहरूलाई निरुत्साहित गर्नुपर्दछ ।

पुथ्री उत्तरगाँगा गाउँपालिका

**ख. गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू र सामाजिक कार्यकर्ताहरूले गर्न नहुने कुराहरू :**

- बालबालिकालाई पिट्ने, कुट्ने, बालश्रमिक प्रयोग, शारीरिक वा मानसिक यातना दिने वा अन्य दुर्व्यवहार हुने खालको व्यवहार ।
- अरुबाट टाढा वा एक्लै राखेर कुनैपनि बालबालिकासँग चाहिने भन्दा बढि समय बिताउने ।
- बालबालिकाहरूसँग शाररीरिक सम्बन्ध वा यौन सम्बन्ध ।
- बालबालिकाहरूलाई अप्ठेरो लाग्ने, मानसिक वा शारिरीक पीडा दिने किसिमका कुनैपनि यौनजन्य वा अन्य दुर्व्यवहार गर्नुहुदैन र यौन आशय बोकेका कुनैपनि भाषा प्रयोग ।
- बालबालिकाहरूलाई यौन इच्छा जगाउने वा यौन कृयाकलाप गर्न उत्प्रेरित गर्ने कुनैपनि व्यवहार गर्नु वा गर्न लगाउनु ।
- बालबालिकाहरूको एकल फोटो वा चित्र, आर्थिक कोष जुटाउन वा प्रकाशित गर्न पाईने छैन । बालबालिकाका फोटोहरू दुरूपयोग गर्न पाईनै छैन ।
- बालबालिकाहरूलाई अश्लिल फोटो, फिल्म, चित्र देखाउने ।
- बालबालिकाहरूलाई हिनताबोध हुने, लज्जित बनाउने, मनोभावनामा चोट पुग्ने कुनैपनि क्रियाकलाप, व्यवहार वा भाषा प्रयोग ।
- बिना संरक्षक बालबालिका (विशेष बालिकालाई) राती बास बसाउने ।
- बालबालिकाहरूलाई दुर्व्यसनतिर वा कुलततिर उत्प्रेरित गर्ने खालको क्रियाकलाप ।
- बालविवाह र यसका भोज, भतेर वा कुनैपनि कार्यक्रममा सहभागी ।
- बालबालिकाहरूलाई श्रमिकको रुपमा राख्ने, उनीहरूको क्षमता भन्दा बढि काम लगाउने , विद्यालय नपठाउने, स्वास्थ्य स्थितिमा ख्याल नगर्ने ।
- बालबालिकाहरूसँग सम्बन्धित सुचना वा जानकारीहरू उनिहरूको इच्छा र हित विपरीत बाहिर ल्याउने ।
- एक बालबालिकालाई अर्को बालबालिकासँग तुलना गरेर बोल्ने ।
- बालबालिकाहरूलाई अपमानित गर्ने किसिमका उपनामहरू दिएर बोलाउने ।
- कुनै बालबालिकाहरूलाई विशेष स्नेह , माया देखाउने र कुनै बालबालिकाहरूलाई वेवास्ता गर्ने किसिमको व्यवहार वा भाषा प्रयोग गर्ने ।

- बालबालिकाहरूले आफूलाई वा अरु बालबालिकाहरूलाई भएको दुर्व्यवहारको घटना बताउन लागेको बेला हाँस्ने वा भन्न रोकिदिने ।
- बालबालिकाहरूबाट हुनसक्ने गैह्रकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्नुहुदैन ।
- बालबालिकाहरूको हित विपरीत हुने कुनैपनि निर्णय प्रक्रियामा सहभागी हुने ।
- बालबालिकाहरूलाई जोखिममा पार्ने कुनैपनि क्रियाकलाप वा व्यवहार गर्ने ।

## अनुसूची ५

## बालबिबाह, दुर्व्यवहार, हिंसा तथा यस्तै बालबालिकामा हुने परम्परागत हानिकारक अभ्यास वा घटनामा अपनाइने कानुनी प्रक्रिया वा सुनुवाईको प्रकृया :

**क. बालबिबाह, दुर्व्यवहार, हिंसा तथा यस्तै बालबालिकामा हुने परम्परागत हानिकारक अभ्यास का घटनाहरूबारे सुनुवाई प्रक्रिया :**

- गाउँपालिका पदाधिकारीहरू, कर्मचारीहरू तथा अन्य सरकारी तथा गैह्रसरकारी निकायका कर्मचारी वा पदाधिकारीहरूले यस्ता घटना बारे जानकारी पाए पछि तत्काल गाउँपालिका अध्यक्षलाई जानकारी गराउने छन् ।
- गाउँपालिका न्यायिक समितिका संयोजक एवं उपाध्यक्षले बालसंरक्षणको संरचनाहरूसँगको सहयोगमा घटनाको छानविन गरि आवश्यक कारवाहीका लागि प्रक्रिया अगाडि बढाउनेछन् ।
- समुदायको व्यक्ति यस्तो कार्यमा संलग्न भएको अवस्थामा वडा तथा गाउँपालिकाले यस बालसंरक्षण नीतिको अवलम्बन गरि उपयुक्त कारबाहीको प्रक्रिया अगाडि बढाउने छ ।
- घटना र उक्त घटनामा संलग्न व्यक्ति दोषी ठहर भईसकेपछि गाउँपालिकाले बालबालिकाहरूको उच्चतम हितलाई सर्वोपरि ठानी यस बाल संरक्षण नीति बमोजिम उपयुक्त कारबाही प्रक्रिया अगाडि बढाउने छ र प्रभावित बालबालिकाहरूको कानुनी तथा सामाजिक न्यायका लागि सहयोग गर्नेछ ।
- यस गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, सामाजिक कार्यकताले यस्ता कुनै पनि कार्य गरेको अवस्थामा सम्बन्धीत वडा अध्यक्षलाई जानकारी गराउनुपर्नेछ ।

- वडा अध्यक्षले यस्तो कार्य गरेको अवस्थामा गाउँपालिका अध्यक्षलाई जानकारी गराउनुपर्नेछ ।
- गाउँपालिकाका पदाधिकारीले सो कार्य गरेको अवस्थामा गाउँपालिका अध्यक्षलाई जानकारी गराउनुपर्नेछ ।
- गाउँपालिका अध्यक्ष समेतले यस्तो किसिमको दुर्व्यवहार गरेको अवस्थामा गाउँपालिकाका जो कसैलाई पनि जानकारी गराउनु पर्नेछ त्यसपछिको निर्णयक गाउँपालिका वैठक बन्नेछ ।
- बालबालिकामाथि भएका **बालबिबाह, दुर्व्यवहार, हिंसा तथा यस्तै बालबालिकामा हुने परम्परागत हानिकारक अभ्यासका** घटनाको बारेमा बालबालिका स्वयम्ले वा तिनीहरूका सरोकारवालाहरूले सम्बन्धित पदाधिकारी वडा अध्यक्ष तथा उपाध्यक्षलाई सोझै भेटेर, फोन मार्फत् , चिठी मार्फत् वा ईमेल मार्फत् जुन सजिलो लाग्दछ त्यहि माध्यमबाट घटनाको बारेमा जानकारी गराउन सकिने छ ।

**ख. बालबिबाह, दुर्व्यवहार, हिंसा तथा यस्तै बालबालिकामा हुने परम्परागत हानिकारक अभ्यासका घटनामा अपनाइने कानुनी कारबाही वा सुनुवाईको प्रक्रिया :**

- दोषी व्यक्ति वडासमिति, वा गाउँपालिकाको पदाधिकारीहरू वा कर्मचारीहरू र बालअधिकारको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैह्रसरकारी निकायका कार्यकर्ताहरू भएमा यस्ता कार्यको प्रकृति र गम्भीरता हेरेर निज दोषीलाई पदीय जिम्मेवारीबाट बरखास्तसम्म गर्न सकिनेछ ।
- दोषी व्यक्ति गाउँपालिकाको पदाधिकारी तथा वडा समितिका सदस्यहरू भएमा गाउँपालिकाको बैठक बोलाएर निजलाई स्पष्टिकरण सोधिने छ र कानुनी कारवाहीका लागि गाउँपालिका स्वयम्ले प्रक्रिया अगाडी बढाउने छ ।
- माथि उल्लेखित दुबै प्रकृतिका व्यक्तिहरूलाई देशको प्रचलित कानुन बमोजिम कारबाही अगाडि बढाइने छ ।
- गाउँपालिकामा काम गर्ने सरकारी तथा गैह्रसरकारी निकायका कर्मचारीको हकमा सम्बन्धित व्यक्तिका बारेमा स्थानियस्तरदेखि राष्ट्रियस्तरसम्मका सम्पर्कमा रहेका सबै सरकारी तथा गैह्रसरकारी संघसस्थाहरूलाई लिखित वा मौखिक जानकारी गराइनेछ ।

- माथि उल्लेख गरिएका सबै प्रक्रिया पुरा गर्दा बालबालिकाहरूको गोपनियताको अधिकार र पुनः दुर्व्यवहारको सम्भावनालाई ध्यान दिएर गरिनेछ। अर्थात्, कुनैपनि प्रक्रियालाई कार्यान्वयन गर्दा बालबालिकाहरूलाई अप्ठ्यारो हुने, थप जोखिममा पार्ने र उनीहरूको मान हानी हुने गरि कुनैपनि क्रियाकलाप वा व्यवहार गरिने छैन र उनीहरूको इच्छा वा अनुमतिविना कुनैपनि सुचना वाहिर प्रकाशन गर्ने, सञ्चारमा ल्याउने वा कुनैपनि श्रोतलाई जानकारी उपलब्ध गराउने काम गरिनेछैन ।

## अनुसुची ६

## ...................... बाल क्लब / किशोरी समूह ...................... को गठन तथा कार्य सञ्चालन निर्देशिका २०७७

**प्रस्तावना :**

राष्ट्र निर्माणको लागि बालबालिकाहरूको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरूको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरूको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले यो निर्देशिका तर्जुमा गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : यस विधानको नाम “बाल समूह/क्लव वा किशोरी समूह गठन तथा कार्य सञ्चालन निर्देशिका २०७७ रहने छ। यो विधान पुथा उत्तरगंगा गाउँपालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ।

**२. कार्यालय :** यस विधान बमोजिम गठित ............. बाल समूह/क्लव वा किशोरी समूह ......... को कार्यालय जिल्ला .............. गा.पा../न.पा. वडा नं. ........ स्थित ................. स्थानमा रहनेछ।

**३. ठेगाना :** यस बाल समूह/क्लव वा किशोरी समूह को पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः

पुथा उत्तरगंगा गाउँपालिका

..........................................................................................................................................

**४. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :**

(क) “क्लव वा समूह” भन्नाले यस विधानको धारा ६ अनुरूप गठित क्लव वा सङ्गठन वा समुहलाई जनाउने छ । यो क्लव वा समूह .............. गाउँपालिका आवद्धता भएको बाल क्लव वा किशोरी समूहलाई जनाउनेछ ।

(ख) “बालबालिका” भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरूलाई जनाउनेछ ।

**५. उद्देश्य एवं कार्यहरू :** यस बाल क्लब वा किशोरी समूहको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरू रहनेछन् :

(क) बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने ।

(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु ।

(ग) बाल क्लब वा किशोरी समूहको विस्तार र सङ्गठनात्मक क्षमता अभिबृद्धि गर्ने ।

(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरूलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने ।

(ङ) बालबालिकाहरूको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरूद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि कार्य गर्ने ।

(च) बाल अधिकार सम्वन्धी बिबिध कार्यक्रमहरू सञ्चालन गर्ने ।

(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरूकार्यक्रमहरू संचालन गर्नु ।

(ज) पूर्व-बालविकास सम्बन्धी कार्यक्रमहरूमा सहभागी गराउनु ।

(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।

(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

(ट) आफ्नो समूहभित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्याङ्क सङ्कलन गर्नु ।

(ठ) बालबालिकाहरूको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुर्‍याउन र समाधान गर्ने प्रयत्न गर्नु ।

(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप तथा पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

(ढ) बालबालिकाहरूसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र वनाउने लगायतका विषयमा समाजमा जानकारी एवं सो को निराकरणको लागि चेतना जगाउनु ।

(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द, महामारी एवं दैवी प्रकोपबाट प्रभावित तथा पिडित बालबालिकाहरूको पुर्नस्थापनाको लागि पहल गर्नु ।

(त) अन्य बाल समूहहरू वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(द) एच.आई.भि., एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने ।

(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरूद्ध जनचेतना जगाउने ।

(न) बालबालिकाहरूलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

**६. बाल क्लव वा** किशोरी समूह **को गठन :**

६.१ बालक्लव वा किशोरी समूह को गठन समूहका साधारण सदस्यहरूको साधारण सभाबाट हुने निर्वाचन प्रक्रियाबाट हुनेछ । यस बालक्लव वा किशोरी समूह को कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्:

(क) अध्यक्ष : १ जना

(ख) उपाध्यक्ष : १ जना

(ग) सचिव : १ जना

(घ) सहसचिव : १ जना

(ङ) कोषाध्यक्ष : १ जना

(च) सदस्य : घटिमा २ जना र बढिमा ९ जनासम्म

(छ) सल्लाहकार : आवश्यकतानुसार

(ज) संरक्षक : १ जना

६.२ बाल क्लव वा किशोरी समूहको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

**७. सल्लाहकार :**

बाल क्लब वा किशोरी समूह ले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :

(क) पूर्व बाल क्लव वा किशोरी समूहको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

पूर्व उत्तरगंगा गाउँपालिका

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरूका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरू रहने छन् ।

**८. संरक्षक :**

बाल क्लव वा किशोरी समूहका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था/व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ ।

८.१ विद्यालयमा एकजना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख/प्रधान संरक्षक शिक्षक रहनेछन् ।

**९. पदावधि :**

बाल क्लव वा किशोरी समूहको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लव वा किशोरी समूहले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

**१०. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

पदाधिकारीहरूको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

१. क्लव/समूहको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

२. क्लव/समूह को बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने ।

३. क्लव/समूह को आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने राख्न लगाउने ।

४. क्लव/समूह को निर्णय र महिला तथा बालबालिका शाखा तथा बाल अधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५.क्लव/समूह को प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने ।

६. उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

८. स्थनीय तह; गाउँपालिका तथा वडासँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरूसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

९. तोकिएको अन्य कार्य गर्ने ।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : उपाध्यक्षको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

**ग. सचिवको काम, कर्तव्य र अधिकार : सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछ :**

१. क्लव/समूह को स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२. बालबालिका वा बाल क्लवसँग सम्बन्धित व्यक्तिको अद्यावधिक अभिलेख राख्ने ।

३. क्लव/समूह को चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

४. क्लव/समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

५. क्लव/समूह को प्रशासकीय कार्य गर्ने ।

६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।

७. तोकिएको अन्य कार्य गर्ने ।

**घ. सहसचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।

२. तोकिएको अन्य कार्य गर्ने ।

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. क्लव/समूह को आय व्यय दुरुस्त राख्ने ।

२. आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

३. आर्थिक सहयोग जुटाउने ।

४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**च. सदस्यको काम कर्तव्य र अधिकार :**

१. वैठकमा सहभागी हुने ।

२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।

३. तोकिएको कार्य गर्ने ।

४.समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

**११. सदस्यता :**

**अ. सदस्यताको योग्यता :**

यस बाल वा किशोरी समूहमा देहायका बालबालिका सदस्य हुन पाउने छन् :

(क) बाल क्लबको लागि उमेर कम्तिमा ६ वर्ष पुगी १८ वर्ष ननाघेको र किशोरी समूहको लागि १४ वर्ष पुगी २४ वर्ष ननाघेको ।

(ख) स्थायी सरुवा रोग नलागेको ।



पृथ्वी उत्तरगंगा गाउँपालिका

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।

**आ. सदस्यताको खारेजी :**

(क) मानसिक सन्तुलन गुमाएमा ।

(ख) बाल क्लबमा १८ वर्ष उमेर नाघेमा र किशोरी समूहमा २४ वर्ष नाघेमा

(ग) मृत्यु भएमा ।

(घ) राजिनामा दिएमा ।

(ङ) अविश्वासको प्रस्ताव पारित भई हटाइएमा ।

(च) सदस्यता नविकरण नभएमा ।

(छ) लगातार तीन पटक विना सूचना वैठकमा अनुपस्थित भएमा ।

(ज) एक भन्दा बढी बाल क्लब तथा किशोरी समूहको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

**१२. समूहका पदाधिकारीको उमेरको हद :**

बाल समूहका कार्यसमितिका पदाधिकारीको उमेर कम्तिमा आठ वर्ष पुगेको हुनु पर्नेछ र १८ वर्ष सम्मको रहनेछ । किशोरी समूहको लागि १४ वर्ष पुगी २४ वर्ष ननाघेको ।

**१३. आरक्षण :**

यस बाल समूहमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा प्रर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।

**१४. सदस्यता शुल्क तथा नविकरण :**

(क) बाल क्लब तथा किशोरी समूहको सदस्यता शुल्क वा नविकरण शुल्क वा अन्य कुनै शुल्क बाल क्लब तथा किशोरी समूहले तोके बमोजिम हुनेछ ।

(ख) समूहका सदस्यले आ-आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

(ग) समूहले पुथा उत्तरगंगागाउँपालिका/वडास्तरीय समुह सञ्जाल एवं महिला तथा बालबालिका शाखामा प्रत्येक वर्ष समूहको वार्षिक प्रतिवेदनका साथ नविकरण गराउनु पर्नेछ ।

**१५. बैठक :**

समूहले कम्तिमा महिनाको एक पटक बैठक बस्नु पर्नेछ । वैठकको गणपूरक संख्या ५१% को उपस्थितिलाई मानिनेछ ।

**१६. निर्णय :**

समूहको बैठकमा बहुमतको निर्णय मान्य हुने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने सक्ने छ ।

पुथा उत्तरगंगा गाउँपालिका

नोट : निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।

**१७. निर्वाचन :**

समूहले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

**१८. निर्वाचन अधिकृत :**

समूहले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१९. कोष :**

(क) यस समूहले आफ्नो नामबाट एउटा कोषको स्थापना गर्नेछ ।

(ख) बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न समूहले अध्यक्ष, कोषाध्यक्ष र संरक्षकको नामवाट सञ्चालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा समूहको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ । समूहको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ । तथा वैंक खाता खोल्नका लागि बाल अधिकार समितिबाट अनिवार्य सिफारिस लिनु पर्नेछ ।

(ग) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछ :

१. बालबालिकासँग सम्वन्धित निकायबाट प्राप्त सहयोग ।

२. सहयोग, उपहार ।

३. सदस्यता तथा नविकरण शुल्क । (प्रावधान राखेको खण्डमा)

४. सांस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम ।

५.समूहको प्रकाशनबाट प्राप्त हुने रकम ।

६. गाउँपालिका वा वडाबाट प्राप्त हुने रकम ।

७. अन्य सामाजिक संघसंस्थाबाट प्राप्त रकम ।

**२०. प्रतिवेदन :**

क्लब वा समूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन महिला तथा बालबालिका शाखा ........................ र .............................. स्थानीय तहमा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गर्नु पर्नेछ ।

पूर्वा उत्तरगंगा गाउँपालिका

**२१. संशोधन :**

यो निर्देशिका संशोधन गर्दा समूहको साधारण सभाको दुई तिहाई सदस्यहरूको वहुमतले निर्देशिका संशोधन प्रस्ताव पारित भई .............................. पालिकाबाट स्वीकृत भएमा यो निर्देशिका लागू हुनेछ ।

**२२. बचाउ :**

प्रस्तुत निर्देशिकामा उल्लेखित कुराहरू प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस निर्देशिकामा उल्लेखित कुराहरू स्वतः अमान्य हुनेछन् ।

**२३. समूहको खारेजी वा विघटन :** कुनै कारणवश समूह खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति .............................. गाउँपालिकाको संरक्षणमा सर्नेछ ।

**२४. विविधः**

१. साधारण सभा : समूहको साधारण वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरूलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्वन्धी प्रस्तावहरू निर्णयार्थ समूहले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरूको ५१% को उपस्थितिलाई मानिनेछ ।

२. कार्यविधि बनाउने : निर्देशिकाको उद्देश्य प्राप्तीको लागि समूहले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरूको पनि गठन गर्न सक्नेछन । यो समितिको कार्यबिधि बाल क्लव तथा किशोरी समूहले निर्धारण गर्नेछ ।

३. संशोधन : समूहको निर्देशिका संशोधन गर्न परेमा निर्देशिका संशोधन प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई वहुमतको निर्णय भई सम्वन्धीत .............................. पालिका.बाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

४. अविश्वासको प्रस्ताव : समूहको निर्देशिका विपरित कार्य गरेको भनि समितिका कुनै पदाधिकारी माथि समितिका एक तिहाई सदस्यहरूले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई वहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरू स्वतः पद मुक्त हुनेछन् ।

५. समूहले आफ्नो निर्देशिका एवं पदाधिकारी सदस्य सहितको नामावली सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

पुथा उत्तरगंगा गाउँपालिका

**<u>अनुसूची १</u>**

समूहको छाप
(समूहको छापमा समूहको नाम, स्था. वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ)

**<u>अनुसूचि २</u>**

समूहका कार्यसमितिका पदाधिकारीहरू

| क्र.सं. | पद | नाम, थर | पुरा ठेगाना (गापा, वडा र टोल) | हस्ताक्षर |
|---|---|---|---|---|
| | अध्यक्ष | | | |
| | उपाध्यक्ष | | | |
| | सचिव | | | |
| | सहसचिव | | | |
| | कोषाध्यक्ष | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |
| | सदस्य | | | |

*नोट :*

१. यस बमोजिम साधारण सदस्यहरू थप गर्न सकिने छ।

२. समूहका साधारण सदस्यहरूले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ।

३. निर्देशिका बमोजिम आबद्धता एवं सूचिकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्वन्धित गापा वा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिश संलग्न हुनु पर्ने छ। सिफारिश साथ कार्यसमितिका सबै पदाधिकारीहरूको संयुक्त निवेदन स्थानीयतहमा पेश गर्नुपर्नेछ।

४. यस निर्देशिकाको प्रतिबद्धताको लागि बाल समूहको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरूले निर्देशिकाको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ।

५. आबद्धता वा सूचिकृत गर्दा दुई प्रति निर्देशिका रित पूर्वक तयार गरी पेश गर्नु पर्नेछ।

पूर्व उत्तरगंगा गाउँपालिका